प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन

मि. मन्त्रीस्तरीय मिति: २०७८/०७/१४ मा स्वीकृत

शिक्षा तथा सामाजिक विकास मन्त्रालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थाहरुलाई प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि शिक्षा तथा सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मार्गदर्शनको नाम “उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन, २०७८” रहेको छ ।

(२) यो मार्गदर्शन तुरुन्त लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "छनौट समिति" भन्नाले दफा ५ बमोजिम गठित उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

(ख) "डिभिजन कार्यालय" भन्नाले मन्त्रालय मातहत रहेका जिल्लास्थित सामाजिक विकास डिभिजन कार्यालय सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले प्रदेशको शिक्षा तथा सामाजिक विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको शिक्षा तथा सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ।

३. उद्देश्य: यस मार्गदर्शनको उद्देश्य देहायबमोजिम रहेका छन्,

(क) उत्कृष्ट विद्यालय तथा शिक्षक छनौटका आधार र मापदण्ड निर्धारण गरी पारदर्शी र प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्ने।

(ख) तोकिएका आधार र मापदण्ड वमोजिम उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट गरी पुरस्कृत गर्न सहयोग पुऱ्याउने ।

(ग) उत्कृष्ट छनौट हुने विद्यालय तथा शिक्षकहरुलाई प्रदान गरिने प्रोत्साहन रकमलाई शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्गदर्शन गर्ने ।

४. निर्देशक समिति: उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट कार्यक्रममा कुनै समस्या परेमा नीतिगत निर्णय गर्न तथा कार्यक्रम संचालनका लागि छनौट समितिलाई आवश्यक निर्देशन दिनका लागि देहायबमोजिमको निर्देशक समिति रहनेछ।

(क) निर्देशक, निर्देशनालय — संयोजक

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

(ख) मन्त्रालयको शैक्षिक योजना तथा अनुसन्धान महाशाखा प्रमुख — सदस्य

(ग) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य

(ङ) शाखा अधिकृत, निर्देशनालय — सदस्य-सचिव

५. <u>छनौट समितिः</u> (१) प्रत्येक जिल्लाका उत्कृष्ट विद्यालय छनौटका लागि देहायबमोजिमको एक छनौट समिति रहनेछः

(क) प्रमुख, सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय — संयोजक

(ख) प्रतिनिधि, शिक्षा विकास समन्वय एकाई — सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति — सदस्य

(२) प्रत्येक जिल्लाका उत्कृष्ट शिक्षक छनौटका लागि देहायबमोजिमको एक छनौट समिति रहनेछः

(क) प्रमुख, सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय — संयोजक

(ख) प्रतिनिधि, शिक्षा विकास समन्वय एकाई — सदस्य

(ग) कर्मचारी, सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालय — सदस्य

(३) यस दफा बमोजिमको समितिले बैठक सम्बन्धी कार्यविधि आफैले तयार गर्न सक्नेछ ।

६. <u>छनौट समितिको भूमिकाः</u> दफा ५ बमोजिम गठित समितिको कार्यविवरण देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहबाट प्राप्त सिफारिसहरुको दफा ८ को आधारमा उत्कृष्ट विद्यालय र शिक्षक मूल्याङ्कन गर्ने ।

(ख) उत्कृष्ट विद्यालय र शिक्षकलाई दिइने पुरस्कार रकमको निर्धारण गर्ने ।

(ग) उत्कृष्ट विद्यालय र शिक्षकको छनौट गर्ने ।

(घ) छनौट भएका उत्कृष्ट विद्यालय तथा शिक्षकहरुको सूची डिभिजन कार्यालयमा पठाउने ।

७. <u>डिभिजन कार्यालयहरुको भूमिकाः</u> उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट गर्न तथा छानिएका विद्यालयहरुलाई प्रदान गरिने प्रोत्साहन रकमको कार्यान्वयनका सन्दर्भमा डिभिजन कार्यालयहरुको भूमिका निम्नानुसारको हुनेछः

(क) सम्बन्धित जिल्लाका स्थानीय तहलाई उत्कृष्ट विद्यालय तथा शिक्षक सिफारिस गर्न पत्राचार गर्ने।

(ख) स्थानीय तहबाट प्राप्त सिफारिसहरुलाई संकलन गरी छनौट समिति समक्ष पेश गर्ने ।

(ग) छनौट समितिबाट सिफारिस भई आएका विद्यालय तथा शिक्षकहरुसँग सम्झौता गर्ने ।

(घ) कार्यक्रम अनुगमन गर्ने ।

माननीय मन्त्री
कल्पना पाण्डे

(ङ) प्रगति विवरणको आधारमा रकम भुक्तानी दिने ।

(च) विद्यालयमा हुनुपर्ने न्यूनतम सामाग्रीहरुको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याउने ।

(छ) जिल्लागत प्रगति प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पठाउने ।

८. <u>उत्कृष्ट विद्यालय शिक्षक छनौटका आधार तथा मापदण्डहरु:</u> (१) उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरु देहायबमोजिमको हुनेछः

क्रसं	विवरण	आधार	पुर्णाङ्क
१	विद्यार्थी संख्या	५०० सम्मको २अङ्क, ७०० सम्मको ५अङ्क, १००० सम्मको ७ अङ्क र १००० भन्दा माथि १० अङ्क	१०
२	शिक्षक दरबन्दी	दरबन्दी र राहत शिक्षक अनुसार विद्यार्थी अनुपात ३० भन्दा कम भए ४ अङ्क, ४० भन्दा कम भए ५ अङ्क, ५० भन्दा कम भए ६ अङ्क, ५० देखि ६० सम्म ८ अङ्क र सो भन्दा माथि भए १० अङ्क	१०
३	एस ई ई/जीपीए	३ बर्षको औसत जीपीए १.५ सम्म भए १०, २ सम्म भए १५ र २भन्दा माथि भए २० अंक	२०
४	मानव विकास सूचकाङ्क	जिल्ला गत औषत वा भन्दा माथि भए ५ अंक, जिल्लागत औषत भन्दा कम हुनेले १० अंक	१०
५	प्रवर्धनात्मक कार्यहरु शिक्षण सिकाईसँग सम्बन्धित	विद्यालयले गरेका प्रवर्धनात्मक काम सङ्ख्या बढीमा ५ बटा ५अङ्क (प्रति प्रवर्द्धनात्मक १ अङ्क)	५
६	क्षेत्र	नगरपालिका भएमा ५ र गाउपालिका भए १०	१०
७	दलित विद्यार्थी	२० प्रतिशत सम्म भए ५अङ्क, ३० प्रतिशत सम्म भए ७ अङ्क र ३० प्रतिशत भन्दा माथि भए १० अङ्क	१०
८	पुरस्कार	संघीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा प्रदेश सामाजिक विकास मन्त्रालयबाट यसपुर्वउत्कृष्ट विद्यालयको रुपमा पुरस्कार पाएकोमा ५अङ्क र नपाएकोमा १० अङ्क	१०
९	सिकाई उपलब्धि	शै.स. २०७६/०७७ को सिकाई उपलब्धि औषत २ सम्मको	१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

	औषत	लाई ५ अङ्क, ३ सम्मको ७ अङ्क र ३ भन्दा माथिलाई १० अङ्क	
१०	गणित विषयको औसत ग्रेड प्वाइन्ट	शै.स. २०७६/०७७ को गणितको ग्रेड औसत १.५ भएमा ३ अंक र सो भन्दा माथी भए ५ अंक	५
	जम्मा		१००

(२) उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरु देहायबमोजिमको हुनेछः

क्रसं	विवरण	आधार	पुर्णाङ्क
१	कार्य अनुभव	५ वर्ष सम्मको ५अङ्क, ७ वर्ष सम्मको ७ अङ्क, र सो भन्दा माथि १० अङ्क	१०
२	शैक्षिक उपलब्धी	आफूले अध्यापन गर्ने विषयको पछिल्लो ३ बर्षको औसत जीपीए १.५ सम्म भए १०, २ सम्म भए १५ र २भन्दा माथि भए २० अंक	२०
३	शैक्षिक योग्यता	न्यूनतम शैक्षिक योग्यता भए ५ अङ्क र माथिल्लो शैक्षिक योग्यता भए १० अङ्क	१०
४	विशेष जिम्मेवारी	विशेष जिम्मेवारी नलिएको भए ५ अङ्क र लिएको भए १० अङ्क	१०
५	प्रवर्धनात्मक कार्यहरु	शिक्षकले गरेका प्रवर्धनात्मक काम सङ्ख्या बढीमा ५ बटा १० अङ्क (प्रति प्रवर्द्धनात्मक २ अङ्क)	१०
६	अध्ययन अनुसन्धान	आफूले अध्यापन गर्ने विषयमा पछिल्लो ३ वर्षमा गरेका अनुसन्धान ३ सम्म भए ५ अङ्क सो भन्दा बढी भए १० अङ्क	१०
७	सुचना तथा सञ्चार प्रविधिको प्रयोग	सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न नसक्ने भए शुन्य अङ्क आफूले मात्र जानेको तर कक्षाकोठामा प्रयोग नगरेको भए १० अङ्क र कक्षाकोठामा प्रयोग गरेको भए २० अङ्क	२०
८	कक्षाकोठा व्यवस्थापन	नियमित गृहयकार्य परीक्षण, मासिक जाँच र एकाई जाँच जस्ता सूचक सबै प्राप्त भएमा १० अङ्क कुनै दुईमात्र सूचक प्राप्त भएमा ५ अङ्क र कुनैपनि नभएमा शुन्य अङ्क	१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

	जम्मा		१००

९. <u>कार्यक्रममा खर्च हुने रकम:</u> विद्यालयले व्यवस्थापन समितिको निर्णय तथा कार्ययोजनाको आधारमा प्रचलित आर्थिक कार्यविधि तथा नियम अनुसार मात्र खर्च गर्नुपर्नेछ अन्यथा कानुन वमोजिम कारवाही गरिनेछ ।

१०. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस मार्गदर्शनमा उल्लेखित विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

११. <u>संशोधन:</u> मन्त्रालयले आवश्यकतानुसार यो मार्गदर्शन संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।